## ज्ञापन पत्र

**पाउने :** श्री एन्टोनियो गुटेरस, महासचिव, संयुक्त राष्ट्र संघ
संयुक्त राष्ट्र संघको मुख्यालय, न्यूयोर्क, अमेरिका

**पठाउने :** गम्भिर मानवअधिकार उलंघनका पीडितहरुको राष्टिय संजाल नेपाल

**मिति :** २०८० असोज २५

**बिषय :** संक्रमणकालीन न्याय, स्मृति, परिपुरण र फेरि नदोहरिने प्रतिवद्धतामा नेपाल सरकारको कार्यलाई संयूक्त राष्ट्रसंघको सहयोगका लागि अपिल ।

---

१. गम्भिर मानवअधिकार उलंघनका पीडितहरुको राष्टिय संजाल भुँईतहका स्थानीय पीडित तथा पीडित समुहहरुको प्रतिनिधित्व गर्ने राष्टिय संजाल हो । यस संजालमा शसस्त्र द्वन्द्वमा राज्य र विद्रोही दुवैपक्षबाट पीडित भएकाहरु समावेश छन् । यस संजालले पीडितहरुको परिचालन, शसक्तिकरण गर्दै पीडित आन्दोलनलाई जिम्मेवार बनाउदै पीडित केन्द्रित संक्रमणकालीन न्यायको पक्षमा वकालत गर्दै आएको छ ।

२. यस संजाल, संक्रमणकालीन न्याय सम्बन्धि पहलहरु पीडित केन्द्रित, समावेशी, लैगिंक संवेदनशील तथा रुपान्तरणमूखी हुनुपर्ने र यो प्रक्रिया नेपालको मौलिक परिवेश अनुरुप राष्ट्रले स्वामित्व ग्रहण गर्ने खालको हुनुपर्छ भन्ने विश्वास गर्दछ । यद्यपी भुईतहका स्थानीय पीडितहरुको आवाजलाई नजरअन्दाज गर्दै सरकार, अर्न्तराष्ट्रिय निकाय तथा मानवअधिकार संस्थाहरुले कम सुन्दै आएका छन् । काठमाडौंमा हुने संक्रमणकालीन न्याय सम्बन्धि ( माथिबाट तल जाने) पहलहरु स्थानीय परिवेश, पीडिहरुको दैनिक जीवन, प्राथमिकता र आवस्यकता भन्दा धेरै टाढा छन् । जसले गर्दा माथि हुने यि वहसहरु फौजदारी अभियोजन तथा माफीमा केन्द्रित रहे र संक्रमणकालनि न्यायका अन्य महत्वपूर्ण रुपान्तरणमूखी न्यायका तत्वहरुलाई कमजोर बनायो ।

३. यो प्रक्रियामा अर्न्तराष्ट्रिय मानअधिकार संस्थाहरुले नेपालमा कानुनी तथा अभियोजनमूखी न्यायमा वहस केन्द्रित गर्दै आएका छन् । सत्यतथ्य थाहा पाउने र पीडितहरुको आर्थिक सामाजिक न्याय, स्मृति तथा आत्मसम्मानको सुनिश्चितता पीडित समुदायका प्राथमिक लक्ष्य हुन ।

४. पीडितहरुको आवस्यकता सम्वोधन गर्न र पीडित केन्द्रित दृष्टिकोणबाट संक्रमणकालीन न्यायका लक्ष्यहरु प्राप्त गर्न, तत्काल कार्य थालनी गर्न हामी सरकारलाई तिनको विगतको प्रतिवद्धता स्मरण गराउदै हाम्रो सरोकारहरु राख्दछौं ।

५. यसर्थ (क) हाम्रा सरोकारहरु ध्यान दिदै (ख) हाम्रा सुझावहरुलाई गम्भिरतापूर्वक लिदै, नेपालको शान्ति प्रक्रियाका बाँकी कामहरुः संक्रमणकालीन न्याय मार्फत पीडितहरुको आवस्यकता संम्वोधन गर्न, सत्य उजागर, आत्मसम्मान, परिपुरण, स्मृति र फेरि नदोहोरिने सुनिश्चितताका लागि संयुक्त राष्ट्र संघका महासचिवको ध्यानाकर्षण गर्न चाहन्छौं ।

**क) सरोकारहरु :**

६. यस संजालका निम्न सरोकारहरुमा ध्यान दिन संयुक्त राष्ट संघका महासचिवलाई अनुरोध गर्दछौं ।

### अ) न्याय प्राप्तिमा ढिलाई नगरियोस्

क) हामीले भोगेका हानिहरुको प्रभावकारी सम्वोधन गर्न भएको ढिलाईले बर्षहरु वित्दै जाँदा थप पीडाहरु थपिदै गएका छन् । अधिकांश पीडितहरु तिनका आधारभुत आवस्यकताहरु पुरा नहुँदा चरम अभाव र समस्यामा बाँच्न वाध्य छन् । यस सर्न्दभमा गाउँतहका पीडितहरुलाई काठमाडौंमा हुने अभियोजन तथा आममाफीका वहसले थप निराश बनाएको छ । विभिन्न वहानामा प्रक्रियालाई थप ढिलाई गर्ने कुनैपनि हष्तक्षेपले पीडितको आवस्यकतामा प्रतिकुल असर पार्छ । त्यसैले हामी महासचिव मार्फत यस प्रक्रियालाई द्रुतगतिमा अघि बढाउन यहाँको सकारात्मक पहलका लागि आग्रह गर्दछौं ।

ख) हामी संक्रमणकालीन न्याय प्रतिको दृष्टिकोणमा देखिएको परिवर्तन तथा हाल सार्वभौम संसदमा विचाराधिन संशोधन विधेयकलाई स्वागत गर्दछौं । यस विधेयकले आयोगहरुलाई लैगिंक तथा अपांगतामैत्री र पीडित केन्द्रित भएर पारदर्शी रुपमा काम गर्नसक्ने अधिकार दिन्छ । साथै यसले आयोगहरुलाई द्वन्द्वका मुल कारणहरु र प्रभाव अध्ययन गर्न र उलंघनहरुको पुनरावृत्ति नहुनेगरी संस्थागत सुधार सिफरिस अधिकार दिन्छ । यो विधेयकले पीडितको परिपुरण, मनोसामाजिक परामर्श, अन्तरिम राहत, क्षतिपूर्ती तथा पुर्नस्थापनालाई अधिकारको रुपमा सुनिश्चित गरेको छ । पीडकहरुको पहिचान, मेलमिलाप वा पीडकहरुलाई माफी वा अभियोजनको सिफारिस गर्ने अधिकार गरेको छ । यस वाहेक यो विधेयकले वेपत्ता पारिएका व्यक्तिको परिवारको आफन्तको सम्पतिको अधिकार सुनिच्ति गर्दछ । यसले वलात्कार तथा यौंनजन्य हिंसा पीडित र यातना पीडितको परिपुरणको हकलाई प्राथमिकता दिएको छ । तसर्थ यसमा अनावस्यक ढिलाई नगरी संसदीय प्रक्रियाबाट तत्काल यो विधेयक पारित गर्नका लागि सबै सरोकारवालाहरुलाई प्रोत्साहित गर्न हुन महासचिवलाइ आग्रह गर्दछौं ।

### आ) संक्रमणकालीन न्यायमा उचित प्रक्रिया अपनाउने

क) आयोगहरु संक्रमणकालीन न्यायका सबैभन्दा महत्वपूर्ण संयन्त्रहरु हुन् । यि आयोगहरु प्रभावकारी भएमा मात्रै तिनले द्वन्द्वका मुल कारण, त्यसको परिणाम र सत्य अन्वेशणका आधारमा सत्य न्याय, परिपूरण र पुनरावृत्ति नहुने सम्वन्धि सिफारिसहरु गर्न सक्छन् । प्रभावकारी आयोगले मात्रै द्वन्द्वकालमा भएका गम्भिर मानवअधिकार उलंघनका अनुसन्धानलाई प्राथमिकता दिन सक्छन् । यस ऐन संशोधन पछि सरकारले उच्चस्तरिय प्रभावकारी आयोग गठनलाई प्राथमिकता दिई सक्षम आयुक्तहरु नियुक्त गर्न व्यापक छलफल र परामर्श शुरु गर्नुपर्छ ।

ख) सरकारले यस पहललाई पीडितहरुको विश्वास आर्जन गर्ने अवसरका रुपमा लिई पीडितका कुराको सुनुवाई हुने प्रयाप्त ठाउँहरु सृजना गर्दै पीडित संजाललाई संक्रमणकालीन न्याय प्रक्रियाको साझेदारका रुपमा लिनुपर्छ ।

ग) तसर्थ हामी महासचिवलाई स्थानीय तहका पीडितहरुको आवाज सुन्न र तिनका आवस्यकताहरुः स्वास्थ्य, शिक्षा, राजगारी, स्मृति तथा मनोवैज्ञानिक सहयोगको पहुँचको आवस्यकतालाई सम्वोधन गर्न संसदका सदस्यहरुलाई प्रोत्साहन गर्न आग्रह गर्दछौं । संशोधन प्रक्रियामा पीडितहरुको भुँईतहका आवस्यकता, अनुभव र अपेक्षाहरुलाई केन्द्रमा राखिनुपर्छ ।

### इ) पीडित अधिकारको सम्मान गर्ने :

क) पीडितको स्मृति, सत्य, न्याय र परिपुरणको समग्र अधिकारलाई सर्वोच्च अदालतको फैसला र अर्न्तराष्ट्रिय मापदण्ड अनुरुप सुनिश्चित गरिनुपर्छ ।

ख) राज्यले पीडितहरुको जीवनयापनमा व्यवहारिक रुपान्तरण र स्थानीय तहमा परिवर्तन ल्याउन सक्ने अर्थपूर्ण तथा विस्तृत परिपुरण निति निर्माण गर्नुपछ । परिपुरण निति तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन र मुल्यांकनमा पीडित र तिनका संजालको सक्रिय सहभागिता आवस्यक हुन्छ । जहाँ पीडितहरुको दिर्घकालीन सामाजिक राजनितिक परिवर्तन प्रक्रियाहरुमा रचनात्मक भूमिका रहन्छ ।

ग) यातना तथा यौंनजन्य हिंसाका पीडितलाई अन्तरिम राहतको व्यवस्था गरिनुपर्छ । वेपत्ता व्यक्तिका श्रीमति, यातना, वलात्कार र यौंनहिंसा जस्ता गम्भिर मानवअधिकार उंघनका पीडितहरुलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउनुपर्छ ।

घ) जवरजस्ती वेपत्ता, वलात्कार तथा यौंनजन्य हिंसा, यातना र हत्याका दोषीहरुलाई गम्भिर मानवअधिकार उलंघनका रुपमा कार्वाही र सजाय गर्ने माग पीडितहरुको मात्र नभई राज्यको घरेलु र अर्न्तराष्टिय दायित्व हो ।

**ई) तत्काल चाल्नुपर्ने कदमहरु :**

क) आयोगलाई कामकाजी, नतिजामूखी, पीडित केन्द्रित र भरपर्दो बनाउन ऐन संशोधन पश्चात आयोग पुर्नगठकनकालागि सरकारले तत्काल पारदर्शी र विश्वसनिय प्रक्रियाको थालनी गर्नुपर्छ ।

ख) पीडितलाई न्यायबाट वञ्चित गर्ने, प्रक्रियामा वाधा पुरयाउने र पीडितहरुलाई विभाजित गरि संक्रमणकालीन न्याय प्रक्रियालाई हानि पुर्याउने विभिन्न स्वार्थ समुहका गतिविधीको निगरानी राख्दै त्यस्ता कार्यलाई सामुहिक रुपमा निरुत्साहित गर्नुपर्छ । दातृनिकाय तथा संघसंस्थाहरुले त्यस्ता स्वार्थ समुहलाई गरिने सहयोग बन्द गरिनु पर्छ ।

ग) पीडितहरुले खोजेको सत्य, न्याय, परिपुरण र फेरि यस्तो नहोस भन्ने सुनिश्चितताको लागि स्थानीय, राष्टिय र अर्न्तराष्टिय स्तरमा वकालत जारी राख्नुपर्छ । संक्रमणकालीन न्यायलाई पीडित केन्द्रित, व्यवहारिक र प्रभावकारी बनाउन पीडितहरुको नेतृत्वमा देशभर पीडित परिचालन र तिनका गतिविधीलाई जिवित र संगठित गर्नुपर्छ । जसले आम पीडितहरुको पक्षमा नितिगत वकालतलाई जारी राख्दै भुँईतहका पीडितहरुको प्रतिनिधित्व गर्छन । तसर्थ संक्रमणकालीन न्याय प्रक्रियालाई सहयोग गर्ने संघसंस्थाहरुले स्थानीय तहका पीडित र तिनका संगठनहरुलाई प्रत्यक्ष सहयोग गर्नुपर्छ । दातृनिकायहरु, संयुक्त राष्ट संघ लगायत कुटनिक नियोगहरुले संचालन गर्ने विकास परियोजनाहरु स्थानीय पीडितहरुलाई प्रत्यक्ष सहयोग पुग्नेगरी विस्तृत परिपुरण कार्यक्रमहरुसँग जोड्नुपर्छ, जसले स्थानीय पीडितहरुलाई सहयोग र न्याय प्रक्रियालाई रुपान्तरण गर्ने दिशामा योगदान पुर्याउछ ।

घ) हामीले प्रभावकारी संक्रमणकालीन न्याय प्रक्रियामा हुने सबैखाले अवरोधहरुको प्रतिरोध गरिरहनुपर्छ । साथै प्रमाणहरुको संरक्षण, पीडित, साक्षी र पीडित अधिकार रक्षकहरुको सुरक्षा सुनिश्चत गरिनुपर्छ ।

**ख) सिफारिसहरु :**

अर्न्तराष्ट्रिय मानवअधिकार समुदायलाई

७) अर्न्तराष्टिय मानवअधिकार समुदायले (असल उदेश्य सहित) अंगालेका संक्रमणकालीन न्याय एजेण्डाले द्वन्द्वपीडितहरुको पारस्परिक आवस्यकताहरुलाई वेवास्ता गर्दै जोडले अभियोजन र आममाफीका प्रावधानमा केन्द्रित गर्दै आएका छन् । यस्ता प्रावधानले भुईतहका स्थानीय पीडितका मुद्धा, तिनका संजालले उठाउदै आएका पीडितहरुको व्यापक आवस्यकताहरुलाई नजरअन्दाज गर्दै माथिबाट तल लैजाने वाह्य दृष्टिकोणलाई वढावा दिनुको साथै पीडितहरुको आर्थिक सामाजिक र राजनितिक आवस्यकताहरु सहित तिनका स्थानीय वास्तविकता र प्राथमिकताहरुलाई वेवास्ता गरेको छ ।

८) हाम्रो संजाल अर्न्तराष्ट्रिय संघसंस्था तथा अर्न्तराष्टिय मानवअधिकार समुदायलाई तिनले अंगाल्दै आएका निति र संलग्नतालाई पुनःमुल्यांकन गर्दै अभियोजन केन्द्रित वहसमा मात्रै नअल्झी यथार्थपरक ढंगले पीडित केन्द्रित संक्रमणकालीन तथा रुपान्तरणमुखी न्याय प्रक्रिया र संयन्त्रहरुलाई सहयोग गर्न आह्वान गर्दछ । यस्तो दृष्टिकोणले संरचनात्मक असमानताहरुलाई प्राथमिकता दिनेछ । तसर्थ द्वन्द्व पीडितहरुको आवस्यकता र अधिकारमा आधारित परिपुरणको माग गर्न, सत्य प्राप्तिमा पीडितको पहुँचलाई सहज बनाउन, स्थानीय स्तरमा भएका पहलहरुलाई बलियो बनाउन, स्थानीय पीडितहरुलाई प्रत्यक्ष सहयोग गर्न र शसस्त्र द्वन्द्वमा भएका गम्भिर

मानवअधिकार उलंघनका घटनाहरुलाई औपचारिक रुपमा स्विकार गर्ने प्रक्रियामा सहयोग गर्न हामी आग्रह गर्दछौं ।

९) पीडितहरुलाई प्रदान गरिने दिर्घकालीन आर्थिक र राजनितिक सहयोग संयन्त्रहरुको केन्द्रमा पीडितहरुलाई राखिनुपर्छ ताकि पीडितहरुको परिपुरण तथा रुपान्तरणको अभियानमा अर्न्तराष्ट्रिय समुदाय प्रभावकारी साझेदार बन्न सकुन् ।

## नेपाल सरकारलाई

१०) नेपालको परिवेशमा स्थानीय पीडिहरुको आवस्यकता सम्वोधन हुनेगरी तत्काल संक्रमणकालीन न्याय संयन्त्र स्थापनागरी काम थालियोस् ।

११) हामी द्वन्द्ध पीडितहरुको माग सुनुवाई गर्न र पीडित न्यायको प्रक्रिया अगाडी बढाउन सरकारलाई आह्वान गर्दछौं । कानुनी तथा माफी प्रावधानहरु संशोधन गर्नु महत्वपूर्ण छ । तर यसलाई लम्ब्याएर पीडितहरुको आर्थिक, सामाजिक न्याय, औपचारिक स्विकृती राष्ट्रिय स्मृति लगायत पीडित र तिनका परिवारहरुको लागि पुर्नस्थापकिय न्यायका अन्य क्षेत्रहरुमा गरिने कार्यलाई रोक्नु हुदैन ।

१२) पीडित आवस्यकतालाई संम्वोधन गर्न र पीडित केन्द्रित दृष्टिकोणबाट संक्रमणकालीन न्यायका लक्ष्यहरु प्राप्त गर्नका लागि आवस्यक कार्य गर्न सरकारलाई आग्रह गर्दछौं । खासगरी प्रमूख राजनितिक दलहरु: नेपाली कााँग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र र संसदमा रहेका तथा संसद बाहिरका दलहरु समेतले शान्ति सम्झौताको अपुरो मुद्धाको रुपमा रहेका संक्रमणकालीन न्यायलाई नेपालको स्थानीय परिस्थितीलाई महत्व दिदै दृढ राजनितिक इच्छाशक्ति सहितको नेपाली मोडेलमा टुंग्याउन हामी यस संजाल मार्फत नेपाल सरकारलाई आह्वान गर्दछौं ।

## गम्भिर मानवअधिकार उलंघनका पीडितहरुको राष्ट्रिय संजाल, नेपालको तर्फबाट


डा. रामकुमार भण्डारी, संयोजक
सम्पर्क : ९८५११२३१०४

भागीराम चौधरी, महासचिव
सम्पर्क : ९८५८०२७७४७


**Copied to:**

Prime Minister Mr. Pushpa Kamal Dahal 'Prachand'
Office of the Prime Minister of Nepal, Singhadurbar, Kathmandu

Secretariat of the Federal Parliament
C/o Parliamentary Committee on Law, Justice and Human Rights
Singhadurbar, Kathmandu

UN Resident Coordinator Ms. Hanaa Singer-Hamdy
Office of the UN Resident Coordinator in Nepal
UN House, Pulchowk, Lalitpur, Nepal

Volker Turk, High Commissioner, Office of the United Nations High Commissioner for Human Rights
OHCHR, Geneva

Professor Fabian Salvioli, Special Rapporteur on the Promotion of Truth, Justice, Reparation and Guarantees of Non-recurrence

Morris Tidball-Binz, Special Rapporteur on Extra-Judicial , Summary or Arbitrary Executions

Reem Alsalem, Special Rapporteur on Violence Against Women and Girls, it's Causes And Consequences

Aua Balde, Chair-Rapporteur of the Working Group on Enforced or Involuntary Disappearances

Top Bahadur Magar, Chairperson, National Human Rights Commission of Nepal

**Submitted by:**

Ram Kumar Bhandari, PhD
Coordinator
Email: rambhandari3000@gmail.com
Tel.: +977 9851123104

Bhagiram Chaudhary
General Secretary
Tel.: +977 9858027747